पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

मितिः २०८०/०६/२१

बिषयः प्रेस विज्ञप्ती ।

माननीय वन तथा वातावरण मन्त्री डा. विरेन्द्र प्रसाद महतोले यहि अक्टुबर ३ देखि ६ सम्म श्रीलङ्काको कोलोम्बोमा United Nations Environment Programme (UNEP) द्वारा आयोजित Fifth Forum of Ministers and Environment Authorities of Asia Pacific कार्यक्रममा सहभागी भई ५ अक्टुबरमा Ministerial Forum मा हिन्दुकुश हिमालय क्षेत्र तथा नेपालमा देखिएका वातावरणीय समस्या, जैविक विविधताको ह्रास तथा जलवायु परिवर्तनका कारणले सृजित समस्या एवं सोको समाधानका विषयमा सम्बोधन गर्नु भएको थियो। उक्त कार्यक्रममा सभाको उपाध्यक्षको रुपमा माननीय मन्त्रीज्यूले मुख्यरुपमा उठान गरेका विषय United Nations Environment Assembly 6 मा वैश्विकस्तरमा समेत स्वीकार हुनुपर्ने वताउनुभयो । सोही दिन श्रीलङ्का सरकार द्वारा आयोजित Side Event on Climate Justice at the 5th Forum of Ministers and Environment Authorities of Asia Pacific कार्यक्रमलाई पनि प्रमुख वक्ताको रुपमा सम्बोधन गर्नु भएको थियो ।उक्त कार्यक्रममा सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले अतिकम तथा विकासशील मूलुकहरुले भोगीरहेको जलवायु परिवर्तनजन्य समस्यालाई समाधान गर्न Climate Justice प्राप्तीको लागि वैश्विक एक्यवद्धताको आवश्यकता माथि प्रकाश पार्नुभयो। सोही दिन Republic of Korea का सहायक वातावरण मन्त्री Mr. Sangjun Lim सँग आगामी दिनमा वन वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रमा संभाव्य दुई पक्षीय सहयोगहरुको बारेमा छलफल गर्नुभयो । अक्टुबर ३ मा ICIMOD द्वारा आयोजित A side event on Regional cooperation for addressing the triple planetary crisis in the Hindukush Himalaya कार्यक्रमलाई समेत प्रमुख वक्ताको रुपमा सम्बोधन गर्दै क्षेत्रीय सहयोगको अपरिहार्यतालाई जोड दिनुभयो। कुनै पनि राष्ट्र विकासको जुनसुकै चरणमा रहेतापनि अहिलेको जलवायु परिवर्तन सम्बन्धी समस्याहरू सबैका लागि खतरा बनेको र सामाजिक विकास तथा जनता र समुदायको आर्थिक समृद्धिको स्तर, राष्ट्रहरुको आर्थिक पुनरुत्थानको क्षमतामा रहेका असमानताको कारणले जलवायु परिवर्तनको असरपनि फरक फरक पर्ने बताउँदै UNFCCC CoP28 र United Nations Environment Assembly को आगामी सत्रमा यी विषयहरुलाई प्राथमिकताका साथ उठाउने धारणा व्यक्त गर्नुभयो ।

२०८०/०६/२१

बद्रिराज ढुङ्गाना

सहसचिव एवम् प्रवक्ता